# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या २ | २०७७ भाद्र २८ गते | विक्री मुल्य रू. ०।००

## भाग ३

### स्थानीय सरकार

## विदुर नगरपालिका

### विदुर, नुवाकोट

### बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०५।२६*

# प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्वन्धी कार्यविधि २०७७

# विदुर नगरपालिका

# प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्वन्धी कार्यविधि २०७७

## प्रस्तावनाः

नगरको व्यवसायीक वातावरणलाई सुविधाजनक, लगानी मैत्रि बनाई नगर भित्र उपलव्ध प्राकृतिक, भौतिक तथा मानविय स्रोतको अधिकतम परिचालन तथा उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न साथै आयत प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिदै औद्योगिक विकास गर्न मार्ग निर्देशन गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (५)(घ) र उपदफा(७) तथा वागमति प्रदेशको प्रादेशिक व्यापार तथा व्यवसाय सम्वन्धि ऐनको परिच्छेद ६ को दफा ६८ को अधिकार प्रयोग गरी विदुर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "विदुर नगरपालिका प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्वन्धी कार्यविधि २०७७ " रहेको छ ।

(२)यो कार्यविधि विदुर नगरपालिकाको नगरसभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"नगरपालिका"** भन्नाले विदुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(२)**"कार्यपालिका"** भन्नाले यस नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) **"सभा"** भन्नाले यस विदुर नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(४) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(५) **"उद्योग विकास शाखा"** भन्नाले यस नगरपालिकाको उद्योग सम्वन्धी कार्य हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्दछ ।

(६) **"प्राइभेट/साझेदारी फर्म दर्ता गर्ने निकाय"** भन्नाले विदुर नगरपालिका,नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(७) **"उद्योग व्यवसाय"** भन्नाले प्रचलित औद्योगिक व्यवसाय सम्वन्धि ऐन तथा नियमावलिमा उल्लेखित उद्योग भनि सम्झनु पर्नेछ ।

(८) **"व्यापार"** भन्नाले प्रचलित ऐन नियम वमोजिम उल्लेखित व्यापार सम्झनु पर्नेछ ।

## परिच्छेद-२

## प्राइभेट फर्म दर्ता सम्बन्धी व्यवस्था

३. **प्राइभेट फर्म दर्ता गराउनुपर्ने :**

(१) उद्योग,व्यापार व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा व्यक्तिहरुले यस कार्यविधि बमोजिम दर्ता गर्ने निकायमा प्राइभेट फर्म दर्ता गराउनु पर्ने छ । कसैले पनि दर्ता नगराई व्यापार व्यवसाय स्थापना वा सञ्चालन गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुदाका बखत प्रचलित ऐन कानुन वमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्महरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

४. **प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनु पर्ने** :(१) उद्योग ब्यवसाय,व्यापार, सेवा र पेशाजन्य क्रियाकलापहरु नगरपालिका भित्र सञ्चालन गर्नका लागि प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले तोकिएको दस्तुर सहित अनुसूचि (१) वमोजिमको ढाचामा नगरपालिका समक्ष दरखास्त दनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम फर्म दर्ताको लागि परेको निवेदन जाचबुझ गर्दा आवश्यक विवरण तथा दफा ५ वमोजिम कागजात पूरा भई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको फर्म दर्ता गरी अनुसूचि (२) बमोजिमको ढाचामा निवेदकलाई फर्म दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) विदुर नगरपालिका बाहेक अन्य निकायबाट अनुमति लिनु पर्ने भए सोको दायित्व सम्वन्धीत व्यवसायी स्वयमको हुनेछ ।

(४) व्यवसाय दर्ता गरी संचालन गर्दा सञ्चालित स्थानमा तोकिए बमोजिमको ढाँचामा नागरिक बडापत्र अनिवार्य रुपमा सबैले देख्नेगरी टाँस गरीएको हुनु पर्नेछ ।

५ **प्राइभेट फर्म दर्ता गर्न आवश्यक कागजातहरु :** (१) उद्योग ब्यवसाय, व्यापार, सेवा र पेशाजन्य क्रियाकलापहरु नगरपालिका भित्र सञ्चालन गर्नका लागि प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले फर्म दर्ता गर्न माग दफा १ वमोजिम माग गर्दा तपशिल वमोजिमको कागजातहरु समेत साथै पेश गर्नु पर्ने छ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अनुसूचि (१)बमोजिमको निवेदन,

(ग) फर्म संचालन हुने स्थानको जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा भाडामा लिई व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता,

(ङ) सम्पति कर तिरेको रसिदको प्रतिलिपी ।

(च) सम्वन्धीत निकायको सिफारिस आवश्यक पर्ने भए सोको सिफारिस

(छ) अनुसूचि (४) बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद ।

(ज) पासपोर्ट साइजको फोटो ३ प्रति ।

(झ) सम्वन्धीत निकायवाट तोकि दिएको अन्य कागजात

९. **प्राइभेट फर्मको अवधि र नविकरण :** (१) यस कार्यविधि वमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि पांच वर्षको हुनेछ । र सो अवधि समाप्त भए पश्चात फर्मको नविकरण गर्नुपर्नेछ । नविकरण अवधि दुई वर्षको हुनेछ । सो पछि दुई वर्षको लागी नविकरण गराउनु पर्नेछ ।

(२) प्राइभेट फर्म नविकरण गराउन चाहने प्राइभेट फर्मको धनिले उपदफा १ वमोजिमको अवधि नाघेको मितिले ३५ दिन भित्र प्राइभेट फर्म नविकरण गराउनको लागी देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछ ।

(क) आयकर ( स्थायी लेखा नम्वर ) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र वा कर तिरेको निस्सा

(३) यो कार्यविधि वमोजिम दर्ता भएका प्राइभेट फर्मले नविकरण गराउदा अनुसुची ४ वमोजिम दस्तुर लाग्ने छ ।

(४ यो कार्यविधि जारी हुनु भन्दा अघि प्रचलित कानुन वमोजिम दर्ता भएको तर एक वर्ष भित्र नविकरण हुन नसकेका प्राइभेट फर्महरुले नविकरण गर्न चाहेमा साविकमा दर्ता गर्ने निकायवाट फाइल प्राप्त भएमा दर्ता गर्ने निकायले अनुसुचि ४ वमोजिमको दस्तुर र जरिवाना लिई नविकरण गरी दिन सक्नेछ ।

(५) उपदफा २ वमोजिमको अवधिभित्र प्राइभेट फर्म नविकरण गराउन नसकेको प्राइभेट फर्म धनीले प्राइभेट फर्म नविकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भए पश्चात नविकरणको लागी दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाचवुझ गर्दा मनासिव देखिएमा सम्वन्धीत कार्यालयले तोकिए वमाजिम दस्तुर र जरिवाना लिई नविकरण गरि दिन सक्नेछ ।

१०. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने :** (१) दफा ४ वमोजिम दर्ता गर्ने निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा सम्वन्धीत प्राइभेट फर्मले दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ । दर्ता गर्ने निकायवाट स्वीकृत प्राप्त भए पश्चात मात्र फर्मले विवरण हेरफेर गर्न सक्नेछ ।

(२) प्राइभेट फर्मको प्रोपाइटरको नाम परिवर्तन गर्न परेमा दर्ता गर्ने निकाय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ । दर्ता गर्ने निकायवाट आवस्यक छानविन गरी प्रोपाइटरको नाम परिवर्तनको लागी स्वीकृति दिन सक्नेछ ।

११. **विवरण माग गर्न सक्ने :** (१) यो कार्यविधि वमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मको कारोवारको विवरण लगाएत अन्य विवरण अवधि तोकी माग गर्न सक्नेछ ।

(२) उपदफा १ वमोजिम दर्ता गर्ने निकायले माग गरेको अवधि भित्र प्राइभेट फर्मले विवरण पेश गर्नु पर्नेछ ।

१२. **प्राइभेट फर्म खारेज गर्न सकिने :** (१) देहायको अवस्थामा दर्ता गर्ने निकायले प्राइभेट फर्म खारेज गर्न सक्नेछ ।

(क) म्याद समाप्त भएको पांच वर्ष सम्म नविकरण नगराएमा ।

(ख) मनासिव कारण देखाई आफ्नो प्राइभेट फर्म खारेज गरी पाउ भनि फर्मधनिले दर्ता गर्न निकायमा निवेदन दिएमा ,

(ग) दफा ४ को उपदफा १ को विपरित हुने गरी झुट्ठा विवरण उल्लेख गरी प्राइभेट फर्म दर्ता गरेको ठहरेमा ।

(घ) दर्ता गर्ने निकायले दफा ११ वमोजिमको विवरण माग गर्दा सम्वन्धीत फर्मले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा ,

(ङ) प्रचलित कानुन वमोजिम दर्ता गर्ने निकायलाई जानकारी नदिई व्यवसाय वन्द गरेमा ।

(च) प्रचलित कानुन वमोजिम अनुमति लिनु पर्ने विषयमा तोकिएको शर्त पालना नगरेमा वा प्रचलित कानुन विपरित हुने गरी कुनै कार्य गरेमा ।

(२) उपदफा १ को खण्ड (क),(ग),(घ), (ङ) वा (च) वमोजिम फर्मको दर्ता खारेज गर्नु अघि सम्वन्धीत फर्मलाई सफाईको सवुद प्रमाण पेश गर्ने अवसर दिनु पर्नेछ ।

(३) उपदफा १ को खण्ड (क),(ग),(घ), (ङ) वा (च) वमोजिम प्राइभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्म धनिको नाममा एक वर्ष सम्म सो उद्धेश्य भएको अर्को प्राइभेट फर्म दर्ता गरिने छैन ।

(४) उपदफा १ को खण्ड (ख) वमोजिम प्राइभेट फर्म खारेज गरी पाउ भनी सो फर्मका धनिले मनासिव कारण देखाई निवेदन दिएमा दर्ता गर्ने निकायले निजलाई कर तिरेको प्रमाण पेश गर्न लगाई तिर्न वाकी रहेको नविकरण दस्तुर तथा जरिवाना समेत निजवाट असुल गरी प्राइभेट फर्म खारेज गर्नु पर्नेछ ।

## परिच्छेद-३

## साझेदारी फर्म दर्ता सम्बन्धी व्यवस्था

१३. **साझेदारी फर्म दर्ता गराउनुपर्ने :**

(१) दुई वा दुई भन्दा वढि साझेदारले एक आपसमा कवुलियत गरी साझेदारी फर्म संचालन गर्न सक्नेछन ।

(२) उपदफा १ वमोजिमको साझेदारी फर्म संचालन गर्न यस कार्यविधि बमोजिम दर्ता गर्ने निकायमा दर्ता गराउनु पर्ने छ । तोकिए वमोजिम दर्ता नगराई साझेदारीको निमित्त गरेको कुनै काम वा कारोवारले मान्यता प्राप्त गर्न सक्ने छैन ।

(२) यो कार्यविधि प्रारम्भ हुदाका बखत प्रचलित ऐन कानुन वमोजिम दर्ता भई सञ्चालनमा रहेका साझेदारी फर्म यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

१४. **साझेदारी फर्म दर्ता गर्न दरखास्त दिनु पर्ने** :(१) साझेदारी फर्म दर्ता गराउन चाहने व्यक्तिहरुले तोकिएको दस्तुर र साझेदारहरुले आपसमा गरेको कवुलियतको एक प्रति साथै राखी देहायका विवरणहरु उल्लेख गरी नगरपालिका समक्ष दरखास्त दनु पर्नेछ ।

(क) फर्मको नाम ,

ख) फर्मको कारोवार गर्ने मुख्य ठेगाना , सम्पर्क नंवर र इमेल ,

(ग) फर्मको उद्धेश्य तथा त्यसले उत्पादन वा कारोवार गर्ने वस्तु तथा सेवाको विवरण ।

(घ) साझेदारको नाम, ठेगाना, वावु , आमा , वाजे , वज्यै तथा पति/ पत्निको नाम ।

(ङ) कुनै साझेदारको अधिकार उपर वन्देज लगाएको भए सो कुरा ।

(च) साझेदारको किसिम र प्रत्येक साझेदारको लगानी गरेको पुजी ।

(छ) फर्मको प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

(ज) मुनाफा निश्चित गर्ने तरिका ।

(झ) नाफा नोक्सान भागवण्डा लगाउने तरिका ,

(ञ) दर्ता गर्ने निकायले तोकेका अन्य विवरणहरु ।

(२) उपदफा (१) बमोजिम फर्म दर्ताको लागि परेको निवेदन जाचबुझ गर्दा आवश्यक विवरण तथा दफा  वमोजिम कागजात पूरा भई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको साझेदारी फर्म दर्ता गरी अनुसूचि (२) बमोजिमको ढाचामा निवेदकलाई साझेदारी फर्म दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) विदुर नगरपालिका बाहेक अन्य निकायबाट अनुमति लिनु पर्ने भए सोको दायित्व सम्वन्धीत व्यवसायी स्वयमको हुनेछ ।

(४) व्यवसाय दर्ता गरी संचालन गर्दा सञ्चालित स्थानमा तोकिए बमोजिमको ढाँचामा बडापत्र र साइनवोर्ड अनिवार्य रुपमा सबैले देख्नेगरी टाँस गरीएको हुनु पर्नेछ ।

**१५ साझेदारी फर्म दर्ता गर्ने आवश्यक कागजातहरु :**(१) साझेदारी फर्म दर्ता गराउन चाहने व्यक्तिहरुले दफा १४ बमोजिम साझेदारी फर्म माग गर्दा तपशिल बमोजिमको कागजातहरु समेत साथै पेश गर्नु पर्ने छ ।

(क) साझेदारहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अनुसूचि (१)बमोजिमको निवेदन,

((घ) साझेदारी फर्म रहने स्थानको जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा भाडामा लिई व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता,

(ङ) सम्पति कर तिरेको रसिदको प्रतिलिपी

(च) सम्वन्धीत निकायको सिफारिस आवश्यक पर्ने भए सोको सिफारिस ।

(छ) अनुसूचि (४) बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद ।

(झ) साझेदारहरु मध्ये प्रमुखको पासपोर्ट साइजको फोटो ३ प्रति ।

(ञ) साझेदार विच गरिएको कवुलियत नामा ।

(ट)साझेदारहरु मध्ये फर्म भए सो फर्म दर्ताको प्रमाणपत्र ।

**१६. साझेदारी फर्मको अवधि र नविकरण :** (१) यस कार्यविधि वमोजिम दर्ता भएका साझेदारी फर्मको अवधि एक वर्षको हुनेछ । र सो अवधि समाप्त भए पश्चात फर्मको नविकरण गर्नु पर्नेछ ।

(२) साझेदारी फर्म नविकरण गराउन चाहने फर्मको धनिले उपदफा १ वमोजिमको अवधि नाघेको मितिले ३५ दिन भित्र साझेदारी फर्म नविकरण गराउनको लागी देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछ ।

(क) आयकर ( स्थायी लेखा नम्वर ) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र वा कर तिरेको निस्सा ।

(ग) लेखा परिक्षण प्रतिवेदन

(घ) दर्ता गर्ने निकायले माग गरेको अन्य आवस्यक कागजातहरु ।

(३) यो कार्यविधि वमोजिम दर्ता भएका साझेदारी फर्मले नविकरण गराउदा अनुसुची ४ वमोजिम दस्तुर लाग्ने छ ।

(४ यो कार्यविधि जारी हुनु भन्दा अघि प्रचलित कानुन वमोजिम दर्ता भएको तर तोकिएको अवधि भित्रमा  नविकरण हुन नसकेका साझेदारी फर्महरुले नविकरण गर्न चाहेमा साविकमा दर्ता गर्ने निकायवाट सम्वन्धीत साझेदारी फर्म दर्ताको फाइल (विवरण) उपलब्ध

भएमा दर्ता गर्ने निकायले अनुसुचि ४ वमोजिमको दस्तुर र जरिवाना लिई नविकरण गरी दिन सक्नेछ ।

(५) उपदफा २ वमोजिमको अवधिभित्र साझेदारी फर्म नविकरण गराउन नसकेको साझेदारी फर्म धनीहरुले फर्म नविकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि  समाप्त भए पश्चात नविकरणको लागी दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाचवुझ गर्दा मनासिव देखिएमा सम्वन्धीत कार्यालयले तोकिए वमाजिम दस्तुर र जरिवाना लिई नविकरण गरि दिन सक्नेछ ।

१७. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने :** (१) दफा १४ वमोजिम दर्ता गर्ने निकाय समक्ष दिएको दरखास्त वा कवुलियतमा वा अन्य विवरणमा कुनै हेरफेर गर्नु परेमा सम्वन्धीत फर्मले दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ । दर्ता गर्ने निकायवाट स्वीकृत प्राप्त भए पश्चात मात्र फर्मले विवरण हेरफेर गर्न सक्नेछ ।

(२) साझेदारी फर्मले आफ्नो फर्मको नाम परिवर्तन गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ । दर्ता गर्ने निकायवाट आवस्यक छानविन गरी अन्य फर्म वा कम्पनी संग नाम नमिल्ने गरी नाम परिवर्तनको लागी स्वीकृति दिन सक्नेछ ।

१८. **विवरण माग गर्न सक्ने :** (१) यो कार्यविधि वमोजिम दर्ता भएको कुनै साझेदारी फर्मको कारोवारको विवरण लगाएत अन्य विवरण अवधि तोकी माग गर्न सक्नेछ ।

(२) उपदफा १ वमोजिम दर्ता गर्ने निकायले माग गरेको अवधि भित्र साझेदारी फर्मले विवरण पेश गर्नु पर्नेछ ।

१९. **नाफा नोक्सानको वांडफांड :** (१)साझेदारहरुमा नाफा नोक्सानको हिसाव गरी वांडफांड गर्दा कवुलियतमा व्यवस्था भएकोमा सोही वमोजिम र नभए दामासाहीले भागवण्डा लाग्नेछ ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पुजिमा व्याज लिने गरी कवुलियत गरेको भए सो व्याज मुनाफावाट मात्र तिर्नु पर्नेछ ।

२०. **साझेदारी फर्म खारेज गर्न सकिने :** (१) देहायको अवस्थामा दर्ता गर्ने निकायले साझेदारी फर्म खारेज गर्न सक्नेछ ।

(क) तोकिएको मिति भित्र नविकरण नगराएमा ।

(ख) साझेदारहरुले मनासिव कारण देखाई आफ्नो फर्म खारेज गरी पाउ भनि दर्ता गर्न निकायमा निवेदन दिएमा ,

(ग) झुट्ठा विवरण उल्लेख गरी साझेदारी फर्म दर्ता गरेको ठहरेमा ।

(घ) दर्ता गर्ने निकायले दफा १८ वमोजिमको विवरण माग गर्दा सम्वन्धीत फर्मले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा ,

(ङ) प्रचलित कानुन वमोजिम दर्ता गर्ने निकायलाई जानकारी नदिई व्यवसाय वन्द गरेमा ।

(च) प्रचलित कानुन वमोजिम अनुमति लिनु पर्ने विषयमा तोकिएको शर्त पालना नगरेमा वा प्रचलित कानुन विपरित हुने गरी कुनै कार्य गरेमा ।

(२) उपदफा १ को खण्ड (क),(ग),(घ), (ङ) वा (च) वमोजिम फर्मको दर्ता खारेज गर्नु अघि सम्वन्धीत साझेदारी फर्मलाई सफाईको सवुद प्रमाण पेश गर्ने अवसर दिनु पर्नेछ ।

(३) उपदफा १ को खण्ड (क),(ग),(घ), (ङ) वा (च) वमोजिम साझेदारी फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका साझेदारहरुको नाममा एक वर्ष सम्म सो उद्धेश्य भएको अर्को साझेदारी फर्म दर्ता गरिने छैन ।

२१. <u>फर्म दर्ता खारेज गर्न निवेदन दिन सकिने</u> (१) कुनै कारणले फर्म सञ्चालन गर्न नसकिने भएमा त्यस्तो फर्मको दर्ता खारेजीको लागि फर्म दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाचामा निवेदन दिन सकिनेछ ।

तर प्रचलित कानुन बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा फर्म दर्ता गर्ने निकायले सम्बन्धित फर्मले आफ्नो दायित्व फरफारक गरेको र फर्मको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम फर्म दर्ता खारेज गरी सो को जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद ४

## <u>विविध</u>

२२. **प्राइभेट तथा साझेदारी फर्म दर्ता गर्ने अधिकार :**यस कार्यविधि वमोजिम प्राइभेट/साझेदारी फर्म दर्ता प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीले गर्नेछ ।

२३ **प्रोत्साहन र सहजिकरण:**(१) कृषि जन्य व्यवसाय सञ्चालन गर्ने स्थानीयलाई प्रोत्साहान गरीनेछ ।

(२) स्थानीय वासिन्दालाई रोजगारी प्रदान गर्नुका साथै स्थानीय स्तरमा भएको उत्पादनलाई बजार व्यवस्थापन गर्न र उद्योग व्यवसाय स्थापना गर्न भौतिक पूर्वाधार निर्माण गर्न सहुलियत उपलब्ध गराउन सकिने छ ।

(३) महिला, सिमान्तकृत, उत्पिडित, विपन्न, युवा लगाएतका लक्षित वर्गलाई उद्यमसिलता प्रवर्द्धनका लागि तालिम तथा आवश्यक प्रविधि अनुदानमा उपलब्ध गराउन सकिने छ ।

(४) महिला, दलित, सिमान्तकृत, उत्पिडित एवं विपन्न वर्गलाई नगर कार्यपालिकावाट निर्णय गरी तोकिए वमोजिम फर्म दर्ता शुल्कमा विशेष छुट प्रदान गर्न सकिने छ ।

२४ **अनुगमन गर्ने :** विदुर नगरपालिकाले प्राइभेट/ साझेदारी दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा फर्मको नियमित अनुगमन गर्न सक्नेछ ।

२५ **श्रमिक सम्वन्धी व्यवस्थाः**(१) नगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण फर्महरुले नेपालको प्रचलित श्रम ऐन तथा कानूनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

२६. **फोहरमैला व्यवस्थापन गर्नु पर्ने :** यस कार्यविधि तथा प्रचलित कानुन वमोजिम यस नगर क्षेत्र भित्र दर्ता वा अभिलेखिकरण भएका प्राइभेट तथा साझदारी फर्मले आफुले उत्पादन गरेको फोहरमैला आफैले व्यवस्थापन गर्नु पर्नेछ ।

२७ **सामाजिक उत्तरदायित्व :**प्रत्येक फर्महरुले नगरक्षेत्र भित्र तोकिए बमोजिम सामाजिक उत्तरदायित्वको रुपमा योगदान गर्नु पर्ने छ ।

२८ **प्रचलित कानुन वमोजिम हुने** :यस कार्यविधिमा लेखिएको कुराहरु यस कार्यविधि वमोजिम र अन्य कुराहरु प्रचलित संघिय वा प्रदेश कानुन वमोजिम हुनेछ ।

२९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनमा नितिगत तथा व्यवहारिक रुपमा वाधा पर्न आएमा नगर कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

३० **संसोधन गर्न सक्ने :** नगरसभाले आवश्यकता अनुसार यस कार्यविधि संशोधन गर्न सक्नेछ ।

३१ **वचाउ :** यो कार्यविधी जारी हुनु भन्दा पहिले प्रचलित कानुन वमोजिम नगरपालिका क्षेत्र भित्रका अन्य निकायमा दर्ता, नविकरण भई प्राप्त भएका फर्महरुको दर्ता तथा नविकरण यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

दफा ४ को उपदफा (१) सँग सम्बन्धीत

प्राइभेट / साझेदारी फर्म दर्ता दरखास्तको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,

विदुर नगरपालिका, विदुर, नुवाकोट

महोदय,

तल लेखिए बमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट/ साझेदारी फर्म मेरो /हाम्रो नाममा दर्ता गराउन इच्छुक भएकोले यो निवेदन पत्र पेश गरेका छु/छौ । लेखिएको व्यहोरा झुट्टा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नामः

२. फर्मको पूरा ठेगानाः

३. उद्देश्यः

४. पुँजीः चालु रु : स्थिर रु : कुल रु :

५. कारोबार गर्ने चीज तथा कामको विवरणः

६. प्राइभेट फर्मको धनी वा साझेदारीहरूको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अंक

*(यो फर्मको हामी नोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुने (हुनेहरू)):*

| निवेदकको नाम | बाबुको नाम | बाजेको नाम | वतन | हिस्साको अंक |
|---|---|---|---|---|
| (क) | | | | |
| (ख) | | | | |

दरखास्तवाला (दरखास्तवालाहरू) को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछापः

लेखात्मक सहीः दायाँ वायाँ

लेखात्मक सहीः दायाँ वायाँ

इति सम्वत २.......... साल .................महिना .............. गते ......... रोज शुभम् ।

## कबुलियतनामा

लिखितम.......................को नाति ............................ को छोरा..................................वस्ने ....... वर्षको....................... आगे..... .........................................को नामले प्राइभेट फर्मको दर्ता गर्न मैले त्यस विभागमा दरखस्त दिएकोमा उक्त फर्म दर्ता सम्वन्धमा प्रचलित ऐन, कानुन र उल्लेखित शर्त समेत पालना गरी काम गर्नेछु । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मञ्जुरी छ/छैन भनी विदुर नगरपालिकाबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो । यसमा प्रचलित कानुन र तपशिलमा लेखिएका शर्त उल्लंघन गरेको देखिएमा प्रचलित ऐन कानुन बमोजिक सहुँला बुझाउँला भनी मेरो मनोमान राजी खुसीसँग यो कबुलियतनामाको कागज लेखी विदुर नगरपालिकामा चढाएँ ।

### तपशिलः

१. यो............................. नामको फर्म दर्ता हुनुभन्दा पहिला अरु कसैको नामसँग मिल्ने गरी फर्म दर्ता गरिसकेको भए सोको सूचना पाउनासाथ तुरुन्तै यो फर्मलाई खारेज गरी अर्को नाम राखी दर्ता गर्न आउनेछु। सुचनामा उल्लेखत म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दावी गर्ने छैन ।

२. यस फर्मको साइन बोर्ड राख्नुपर्दा ठूलो नेपाली अक्षरबाट लेखी सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।

३. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ति गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।

४. यस भन्दा अगाडी मेरो नाउँमा अरु कुनै फर्म दर्ता गरि राखेको छैन । यस भन्दा अगाडी मेरो नाउँमा.................मा प्रा.फ.द.नं..............बाट........................ नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानुन कमोजिम पुनः अर्को दर्ता गर्न मिल्ने भएबाट यो दर्ता गर्न ल्याएको हुँ ।

प्रोपाईटरको पुरा नाम................................ दस्तखत ..................

इति सम्वत् २०................साल.................. महिना.....................गते रोज.......... शुभम् ।

### सनाखत सम्वन्धि कागजात

यसमा लेखिएको दरखास्त फाराम तथा कबुलियतनामा म आफै स्वयं कार्यालयमा उपस्थित भई दर्ता गराएको हुँ । निवेदनसंग संलग्न नेपाली नगारिकताको प्रमाण-पत्रको प्रतिलिपी, फोटो तथा अन्य कागजताहरु मेरो आफ्नै हुन माथि उल्लेखित सम्पूर्ण व्यहोरा साँचो हो कुनै कुरा फरक परेमा कानुन बमोजिम सहुला बुझाउँला भनी सनाखत गर्ने ।

प्रोपाइटरको सही : ना.प्र.प.नं.............................जारी मितिः

नामः जारीगर्ने जिल्लाः मितिः

(कार्यालयले भर्ने)

टिप्पणी

श्रीमान्

...... नामक प्राइभेट फर्म ... ......................को नाममा दर्ता गरी पाउन आवश्यक सबै कागजातहरु निवेदन साथ रितपूर्वक पेश हुन आएकोले माग वमोजिम फर्म नियमानुसार दस्तुर लिई दर्ता गरिदिन मनासिव देखिएकोले निजको नाममा प्राइभेट फर्म दर्ता गरी प्रमाण-पत्र दिनको निमित्त समेत पेश गरेको छु ।

अनुसूची २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

प्राइभेट/साझेदारी फर्म दर्ता दस्तुर

| सि.नं. | पूँजी | दस्तुर रू. | कैफियत |
|---|---|---|---|
| १. | एक लाख रूपैयाँसम्म | १,०००।०० | |
| २. | एक लाख रूपैयाँभन्दा बढी तीन लाख रूपैयाँसम्म | ३,०००।०० | |
| ३. | तीन लाख रूपैयाँभन्दा बढी पाँच लाख रूपैयाँसम्म | ६,०००।०० | |
| ४ | पाँच लाख रुपैयाभन्दा बढी बिस लाख रुपैयाँसम्म | १२,०००।०० | |

नोटः (१) निवेदन दस्तुर वापत रू. १००। थप लाग्नेछ । (२) लघु उद्यमको हकमा प्रचलित संघ तथा प्रदेश कानुन बमोजिम दर्ता नविकरण गरिनेछ ।

## अनुसूची ३
**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

**विदुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**विदुर, नुवाकोट**

**वाग्मती प्रदेश, नेपाल**

प्रा.फ/सा.फ. नं. ...

उद्योग, व्यापार व्यवसाय प्रमाणपत्र

निम्न लेखिएको विवरण भएको प्राइभेट । साझेदारी फर्म मिति ......................... मा विदुर नगरपालिकाको प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि २०७७ बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

**विवरण**

फर्मको नाम :

फर्मको ठेगानाः विदुर नगरपालिका वडा नं. ................

स्थापना सञ्चालन हुने स्थानः

कित्ता नं.

धनी (प्रोपराइटर) साझेदारी

नाम, थरः

वतनः

कारोबारको उद्देश्यः

पूँजी . चालु रु :                    स्थिर रु :                    कुल रु :

वार्षिक उत्पादन क्षमताः                    विद्युत शक्ति (किलोवाट)ः

नामसारी/ठाउँसारीको विवरण (यदी):

यो उद्योग विदुर नगरपालिकाको उद्योग व्यवसाय सम्बन्धी कार्यविधि २०७७ को दफा ५ र सो कार्यविधिको दफा ९ को उपदफा ......... अनुसार लघु/घरेलु/साना उद्योग दर्ता गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

यो प्रमाणपत्र हराए, च्यातिए वा नष्ट भएमा रू. ५००।०० तिरी प्रतिलिपी लिन सकिनेछ ।

**शर्तहरु पालना बारेः**

१. साँध सधियार र छर छिमेकलाई वाधा नपुऱ्याइ उद्योग सञ्चालन गर्नेछु ।

२. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन ।

३. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको वखत उपलब्ध गराउने छु ।

४. उद्योग दर्ता गर्दा कितान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।

५. उद्योग दर्ता गर्दा किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छन ।

६. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।

७. उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्नेछैन ।

८. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भई सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गरिनेछ ।

९. मासु व्यवसायको हकमा नगरपालिकाद्धारा स्वीकृत बधशालाबाट मात्र खरिद गरी विक्री वितरण गर्नु पर्नेछ ।

१०. मदिरा व्यवसायको हकमा प्रचलित कानुन बमोजिमको दुरी तथा क्षेत्र सम्बन्धीत मापदण्ड पालना गर्नुपर्नेछ ।

**विदुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**विदुर, नुवाकोट**

**वाग्मती प्रदेश, नेपाल**

**नविकरणको विवरण**

फर्मको नामः

| मिति | नवीकरण गरिएको अवधि | बुझाएको दस्तुर रू. | भौचर नं. र मिति | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची ४

( दफा ९ संग सम्बन्धित)

**प्राइभेट । साझेदारी फर्म नवीकरण दस्तुर र जरीवाना**

| सि.नं. | पुजी | नविकरण दस्तुर | | | |
|---|---|---|---|---|---|
| | | पैतिस दिन भित्र | एक वर्ष सम्म | एक वर्ष नाघेपछि | |
| | | | | दस्तुर | थप जरीवाना रू. |
| १. | एक लाख रूपैयँसम्म | ६००। | १,८००। | १,८००। | ६००।( प्रतिवर्ष ) |
| २. | एक लाख रूपैयँ भन्दा बढी तीन लाख रूपैयासम्म | १,०००। | ३,०००। | ३,०००। | १०००।( प्रतिवर्ष) |
| ३. | तीन लाख रूपैयँ भन्दा बढी पाच लाख रूपैयासम्म | १,६००। | ४,८००। | ४,८००। | १,६००।( प्रतिवर्ष) |
| ४. | पाच लाख रुपैया भन्दा बढी बीस लाख रुपैया सम्म (उद्योगको हकमा मात्र) | ३,०००। | ९,०००। | ९,०००। | ३०००। प्रति वर्ष |

प्रमाणिकरण मितिः २०७७०५।२८

**आज्ञाले**

सुदेव कुमार पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका कार्यालय